# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, पुस १३ गते, २०७८ साल (अतिरिक्ताङ्क ३१


# भाग १

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७८ सालको ऐन नं ०७**

**<u>प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८</u>**

<u>प्रस्तावनाः</u> प्रचलित प्रदेश ऐनमा उल्लेख भएको प्रदेशको नाम सुधार गर्न र केही प्रदेश ऐनमा सामयिक सुधार गरी संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा संशोधन</u>** : प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) लामो शिर्षकमा रहेका "**प्रदेश नं. ५ प्रदेश सरकारको**" भन्ने शब्दहरुको सट्टा "**प्रदेशको**" भन्ने शब्द राखिएको छ।

(२) प्रस्तावनामा रहेका "**नेपालको संविधानको धारा ५९ र २१३ बमोजिम प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ**" भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ**" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"**(१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ ।**"

(४) दफा २ को खण्ड (ढ) झिकिएको छ ।

३. **<u>प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा "**प्रदेशका**" भन्ने शब्द राखिएको छ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी प्रदेशको**" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा "**प्रदेशका**" भन्ने शब्द राखिएको छ।

(४) दफा २ को,-

(क) खण्ड (क) मा रहेका **"प्रदेश नं.५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी** " भन्ने शब्द राखिएको छ।

(ग) खण्ड (ग) मा रहेका **"प्रदेश नं. ५ प्रदेश"** भन्ने शब्दहरुको सट्टा "**प्रदेशको**" भन्ने शब्द राखिएको छ।

(घ) खण्ड (ङ) मा रहेका **"प्रदेश नं. ५ सभाको"** भन्ने शब्दहरुको सट्टा "प्रदेश सभाको" भन्ने शब्द राखिएको छ ।

(५) दफा ५ को,-

(क) उपदफा (१) मा रहेका **"कानून मन्त्रालयले"** भन्ने शब्दहरुको सट्टा **"मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को देहायको खण्ड (ङ) मा रहेका "**कानून मन्त्रालयको सचिव**" भन्ने शब्दहरुको सट्टा **"प्रदेश सरकारको कानून सचिव"** भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा ३ राखिएको छः-

**"(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।"**

४. **<u>प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका "**प्रदेश नं. ५ अन्तर्गतका**" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ,-

**"लुम्बिनी प्रदेशमा रहेका गाउँपालिका र नगरपालिकाका गाउँसभा र नगरसभाले कानून निर्माण गर्ने प्रक्रियाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।"**

(३) दफा १ को ;-

(क) उपदफा (१) मा रहेका "**प्रदेश नं.५ अन्तर्गत रहेको**" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा २ को सट्टा देहायको उपदफा (२) राखिएको छः-

**"(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"**

(ग) उपदफा (३) मा रहेका "**प्रदेश नं. ५**" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (ग) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी**" भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (घ) मा रहेका **"प्रदेश नं. ५ प्रदेश"** भन्ने शब्दहरुको सट्टा "**प्रदेशको**" भन्ने शब्द राखिएको छ।

(ग) खण्ड (झ) मा रहेका **"प्रदेश नं. ५ अन्तर्गतका"** भन्ने शब्दहरु झिकिएका छन् ।

(घ) खण्ड (ठ) मा रहेको **"प्रदेश नं. ५ अन्तर्गतका"** भन्ने शब्दहरु झिकिएका छन् ।

५. **प्रदेश नं. ५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ मा संशोधनः** प्रदेश नं. ५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका "**प्रदेश नं. ५** " भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी प्रदेशको**" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को,-

(क) उपदफा (१) मा रहेका "**प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

**"(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"**

(४) दफा ४ को उपदफा (१) मा रहेका **"तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२)"** भन्ने शब्दहरु झिकिएका छन् ।

(५) दफा ५ को उपदफा (१) मा रहेका **"अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) बमोजिम"** भन्ने शब्दहरु झिकिएका छन् ।

(६) दफा ६ को उपदफा (१) मा रहेका **"अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (३) बमोजिम"** भन्ने शब्दहरु झिकिएका छन् ।

(७) दफा ७ को उपदफा (१) मा रहेका **"अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम"** भन्ने शब्दहरु झिकिएका छन् ।

६. **प्रदेश नं. ५ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संशोधनः** प्रदेश नं. ५ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १ को,-

(क) उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ प्रदेश"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा (२) झिकिएको छ ।

(३) दफा २ को,-

(क) खण्ड (ट) मा रहेका **"प्रदेश नं. ५ लाई जनाउनेछ"** भन्ने शब्दहरुको **सट्टा "लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ड) मा रहेका **"प्रदेश नं. ५ भित्र पर्ने"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशमा रहेका"** भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १० को उपदफा(४) मा रहेका "**सवारी तथा यातायात व्यवस्था ऐन, २०४९**" भन्ने शब्दहरुको सट्टा "**प्रचलित कानून**" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ४९ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**" भन्ने शब्दहरुको सट्टा "**प्रचलित कानून**" भन्ने शब्दहरु राखिएका छन् ।

७. **प्रदेश नं. ५, प्रदेश सभा सचिवालय संबन्धी ऐन, २०७५ मा संशोधनः** प्रदेश नं.५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको,-

(१) लामो शिर्षकमा रहेका "**प्रदेश नं. ५**" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ,-

"**प्रस्तावनाः प्रदेश सभाको काम कारवाही सुचारु रुपले संचालन तथा व्यवस्थापनका लागि नेपालको संविधान बमोजिम प्रदेश सभा सचिवालयको स्थापना गर्न र सो सम्बन्धी अन्य व्यवस्था गर्न वाञ्छनीय भएकाले,**

**लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।**"

(३) दफा १ को उपदफा (१) मा रहेका "**प्रदेश नं. ५**" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (क), (ख), (ग), (घ), (ङ), (ज) र (झ) मा रहेका "**प्रदेश नं. ५**" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (छ) मा रहेका "**प्रदेश नं. ५**" भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी**" भन्ने शब्द राखिएको छ।

८. <u>**प्रदेश नं. ५, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधनः**</u> प्रदेश नं. ५, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (क) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा "**लुम्बिनी** " भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (ख) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ग) खण्ड (ग) मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(घ) खण्ड (घ) मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशका"** भन्ने शब्दहरु राखिएका छन् ।

९. <u>**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ मा संशोधनः-**</u> मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १ को उपदफा (३) झिकिएको छ ।

(३) दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

**"(ग) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाइ सम्झनुपर्छ ।"**

१०. **<u>प्रदेश नं. ५ प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधनः-</u>** प्रदेश नं. ५ प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

**"<u>प्रस्तावनाः</u> प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,**

**लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।"**

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (क) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका **"प्रदेश नं. ५ प्रदेश "** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशलाई"** भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको झिकिएका छन् ।

(घ) खण्ड (च) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(५) दफा ६ को उपदफा (१) मा रहेका **"सभापति र विपक्षी दलको प्रमुख सचेतक"** भन्ने शब्दहरुको सट्टा "सभापति, विपक्षी दलको प्रमुख सचेतक, दलको नेता र दलको प्रमुख सचेतक" भन्ने शब्दहरु राखिएका छन् ।

११. **<u>प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमीत गर्ने) ऐन, २०७५ मा संशोधनः-</u>** प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमीत गर्ने) ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

**" <u>प्रस्तावनाः</u> प्रशासकीय कार्यविधि नियमित गर्नको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार दिन वाञ्छनीय भएकोले, लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।"**

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को उपदफा (२) झिकिएको छ ।

१२. **<u>प्रदेश नं. ५, जाँचबुझ आयोग ऐन, २०७५ मा संशोधनः-</u>** प्रदेश नं. ५, जाँचबुझ आयोग ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

१३. **<u>प्रदेश नं. ५, दाना पदार्थ ऐन, २०७५ मा संशोधनः-</u>** प्रदेश नं. ५, दाना पदार्थ ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ ।

**"(ग१) "प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ ।"

(ख) खण्ड (घ) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"प्रदेश सरकारको"** भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (च) मा रहेका **"प्रदेश नं. ५ को कृषि, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेका मन्त्रालयका"** भन्ने शब्दहरुको सट्टा **"मन्त्रालयको"** भन्ने शब्द राखिएको छ ।

१४. <u>प्रदेश नं. ५, प्रदेश भवन ऐन, २०७५ मा संशोधनः-</u> प्रदेश नं. ५, प्रदेश भवन ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५,"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ "** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) प्रस्तावनामा रहेको **"विपद"** भन्ने शब्दको सट्टा **"विपद्"** भन्ने शब्द राखिएको छ ।

(४) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५,"** भन्ने शब्दहरु झिकिएका छन् ।

(५) दफा २ को, -

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

**"(ङ) "प्रचलित कानून" भन्नाले नेपालको संविधान, सो संविधान अन्तर्गत बनेका ऐन तथा नियम र त्यस्ता ऐनले दिएको अधिकार अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि समेतलाई सम्झनुपर्छ ।"**

(ख) खण्ड (छ) मा रहेका **"बनाउन"** भन्ने शब्दको सट्टा **"बनाउनु"** भन्ने शब्द राखिएको छ ।

(ग) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

**"(झ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भवन पूर्वाधार सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।"**

(६) दफा ३ को उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेको **"भौतिक पूर्वाधार विकास मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"मन्त्रालय"** भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (ग), (घ) र (ङ) को सट्टा देहाय बमोजिमका खण्डहरु राखिएका छन् ।

**"(ग) प्रतिनिधि, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय - सदस्य,"**

**"(घ) प्रतिनिधि, प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालय - सदस्य,"**

**"(ङ) प्रतिनिधि, प्रदेश सरकारको गुणस्तर सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य,"**

(ग) खण्ड (ज) मा रहेका **"भौतिक पूर्वाधार विकास मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"मन्त्रालय"** भन्ने शब्द राखिएको छ ।

(७) दफा ४ को खण्ड (क) को,-

(क) **"विपद"** भन्ने शब्दको सट्टा **"विपद्"** भन्ने शब्द राखिएको छ ।

(ख) **"पर्नसक्ने"** भन्ने शब्दहरुको सट्टा **"पर्न सक्ने"** भन्ने शब्दहरु राखिएका छन् ।

(८) दफा ५ को,-

(क) उपदफा (१) मा रहेका **"तोकेका"** भन्ने शब्दको सट्टा **"तोकेको"** भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (३) मा रहेको **"संख्या"** भन्ने शब्दको सट्टा **"सङ्ख्या"** भन्ने शब्द राखिएको छ ।

(९) दफा ८ को खण्ड (क) मा रहेको **"अपनाइएका"** भन्ने शब्दको सट्टा **"प्रचलित"** भन्ने शब्द राखिएको छ ।

(१०) दफा १२ को उपदफा (२) मा रहेका **"नभएको पाइएमा"** भन्ने शब्दहरुको सट्टा **"भएको नपाइएमा"** भन्ने शब्दहरु राखिएका छन् ।

**१५. प्रदेश नं. ५, प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ मा संशोधन :-** प्रदेश नं. ५, प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५,"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

**१६. प्रदेश नं. ५, बीउ विजन ऐन, २०७५ मा संशोधनः-** प्रदेश नं. ५, विउ विजन ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५,"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ ।

**"(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ "।**

(ख) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ ।

**"(ट)"सचिव" भन्नाले मन्त्रालयको सचिवलाई सम्झनुपर्छ"।**

(५) दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ज) को सट्टा देहायको खण्ड (घ) र (ज) राखिएको छ :-

**"(घ)" प्रमुख, बीउ विजन सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य**

**(ज) प्रमुख, प्रदेश स्तरीय बीउ विजन प्रयोगशाला - सदस्य - सचिव"**

१७. **<u>अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधनः-</u>** अन्तर प्रदेश वासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनाको ठाउँ ठाउँमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेश"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (क) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशलाई"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशको"** भन्ने शब्द राखिएको छ ।

(ग) खण्ड (ग), (घ), (ङ) र (ज) को ठाउँ ठाउँमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेश"** भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ३ को ठाउँ ठाउँमा रहेका **"प्रदेश नं. ५ मा"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशमा"** भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ४ मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशका"** भन्ने शब्दहरु राखिएको छ ।

(७) दफा ६ मा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशका"** भन्ने शब्द राखिएको छ ।

१८. **प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५ मा संशोधनः-** प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को "** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

(क) खण्ड (छ) र (ढ) सट्टा देहायको खण्ड (छ) र (ढ) राखिएको छ :-

**"(छ) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।**

**(ढ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

**१९. <u>प्रदेश नं. ५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ मा संशोधनः-</u>**

प्रदेश नं. ५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः-

**"२५. <u>प्रत्यायोजित अधिकारः</u> (१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।**

**(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।"**

**२०. <u>प्रदेश नं. ५, पशु बधशाला तथा मासु जाँच ऐन, २०७५ मा संशोधनः-</u>**

प्रदेश नं. ५, पशु बधशाला तथा मासु जाँच ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५, प्रदेश"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"**(घ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

२१. <u>**प्रदेश नं. ५, मल ऐन, २०७५ मा संशोधनः-**</u> प्रदेश नं. ५, मल ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को "** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को,-

खण्ड (ङ) र (ट) सट्टा देहायको खण्ड (ङ) र (ट) राखिएको छ :-

**"(ङ)" मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको कृषी सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।**

**(ट) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ ।"**

(५) दफा ७ का खण्ड (च) मा रहेका "कृषि ज्ञान कन्द्र" भन्ने शब्दहरुको सट्टा "जिल्लाको कृषि सम्बन्धी विषय हेर्ने प्रदेश सभाको कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १७ को उपदफा (२) मा रहेको "कृषि ज्ञान कन्द्रले" भन्ने शब्दहरुको सट्टा "जिल्लाको कृषि सम्बन्धी विषय हेर्ने प्रदेश सभाको कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

२२. **प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ मा संशोधनः-** प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

२३. **प्रदेश नं. ५, तथ्याङ्क ऐन, २०७५ मा संशोधनः-** प्रदेश नं. ५, तथ्याङ्क ऐन २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"गर्नका निमित्त प्रदेश सभाले यो ऐन बनाई जारी गरेको छ"** भन्ने शब्दहरुको सट्टा **"गर्न वाञ्छनीय भएकोले,**

**लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा ५ को उपदफा (२) को खण्ड (घ) मा रहेका **"सचिव, प्रदेश सरकार सबै मन्त्रालयहरु"** भन्ने शब्दहरुको सट्टा "**प्रदेश सरकारका सचिवहरु**" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा १० को उपदफा (३) झिकिएको छ ।

(६) दफा २७ को उपदफा (२) मा रहेका **"उच्च अदालतमा"** भन्ने शब्दहरुको सट्टा **"जिल्ला अदालतमा"** भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ३५ पछि देहायको दफा ३५ क. थपिएको छ ।

**"३५ क. <u>असल नियतले गरेको कामको बचाउ</u> :-** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तथ्याङ्क सम्बन्धी काम गर्दा सो काममा खटिएका कर्मचारीले असल नियतले गरेको कुनै कार्यबाट प्रचलित कानून बमोजिम कुनै कसुरजन्य काम हुन गएमा त्यस्तो कर्मचारीलाई कुनै सजाय गरिने छैन ।"

२४. **<u>जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ मा संशोधन</u>:-** जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २ को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

**"(ख) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय सम्झनुपर्छ ।"**

(ख) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

**"(घ१) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ"** ।

(ग) खण्ड (च) मा रहेका **"कार्यालय समेतलाई सम्झनुपर्छ"** भन्ने शब्दहरुको सट्टा **"कार्यालयलाई समेत जनाउँछ"** । भन्ने शब्दहरु राखिएका छन् ।

(घ) खण्ड (ट) मा रहेका **"यस"** भन्ने शब्द झिकिएको छ ।

(४) दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

**"(२क) सभा र समितिको सचिवालयको रुपमा काम गर्न जिल्ला समन्वय समितिको कार्यालय रहनेछ र उक्त कार्यालयमा प्रदेश कानून बमोजिम स्वीकृत दरबन्दीका कर्मचारी रहनेछन् ।"**

(५) दफा ४ को उपदफा (४) मा रहेको **"जिल्ला समन्वय अधिकारी"** भन्ने शब्दहरुको सट्टा **"कार्यालयको प्रमुख"** भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ५ को,-

(क) उपदफा (१) मा रहेका **"सभाको प्रशासकीय प्रमुखको रुपमा"** भन्ने शब्दहरुको सट्टा **"कार्यालयको प्रमुखको हैसियतमा"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को,-

(क) खण्ड (ग) मा रहेका **"सभाको"** भन्ने शब्दहरुको सट्टा "दफा ४ बमोजिमको **कोषको**" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (घ) मा रहेका **"सभाले गर्नुपर्ने** भन्ने शब्दहरुको सट्टा **"कार्यालयले**" भन्ने शब्द राखिएको छ ।

(७) दफा ६ को उपदफा (४) र (५) मा रहेका "**जिल्ला समन्वय अधिकारीले**" भन्ने शब्दहरुको सट्टा "**सचिवले"** भन्ने शब्द राखिएको छ ।

(८) दफा ८ को उपदफा (२) र (४) मा रहेका "**जिल्ला समन्वय अधिकारी**" भन्ने शब्दहरुको सट्टा **"सचिव"** भन्ने शब्द राखिएको छ ।

(९) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

**"९. <u>बैठक भत्ता तथा अन्य सुविधा</u> :- जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।"**

(१०)दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :-

"**१०. <u>सवारी तथा यातायात सुविधा</u> :- (१) जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले प्रचलित कानून बमोजिम सवारी तथा यातायात सुविधा पाउनेछन् ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यातायात सुविधा बापत सवारी साधन पाएको प्रमुख र उप-प्रमुखले यातायात सुविधा बापतको रकम पाउने छैनन् ।"**

(११) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"**११. <u>दैनिक तथा भ्रमण भत्ता</u>:- (१) जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले समितिको कामको सिलसिलामा भ्रमण गर्दा प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।**

**(२) उपदफा (१) बमोजिमको भत्ता जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले समितिको कामको सिलसिलामा जिल्ला भित्र भ्रमण गर्दा समेत पाउने छन् ।**

(१२) दफा १८ मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(१३) अनुसुचि १ झिकिएको छ ।

**२५. <u>प्रदेश नं. ५, संघ संस्था दर्ता ऐन, २०७५ मा संशोधन</u>:-** प्रदेश नं. ५, संघ संस्था दर्ता ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

**"(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको संघ, संस्था सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

(५) दफा ५ को दफा शिर्षकमा रहेका **"संस्था स्थापना गर्ने आधारहरु"** भन्ने शब्दहरुको सट्टा **"संस्था दर्ताको लागि निवेदन दिनुपर्ने"** भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ६ मा रहेका "**प्रारम्भ हुनुभन्दा**" भन्ने शब्दहरुको सट्टा **"प्रारम्भ हुनुअघि"** भन्ने शब्दहरु राखिएका छन्

२६. **<u>प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६ मा संशोधन</u>:-** प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५,"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५, प्रदेश"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा ७ को उपदफा (२) मा रहेका **"प्रदेश नं. ५ भित्र"** भन्ने शब्दहरुको सट्टा **"स्वदेश"** भन्ने शब्द राखिएको छ।

२७. **<u>प्रदेश नं. ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ मा संशोधन</u>:-** प्रदेश नं. ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५ प्रदेश"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५, प्रदेश"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"**(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।**"

(५) दफा ३ को,-

(क) उपदफा (२) मा रहेका **"सोह्र शैयादेखि चौविस शैयासम्म स्वास्थ्य निर्देशनालयबाट"** भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा(२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

**"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले कानून बनाइ कार्यान्वयन नगरेसम्म यो ऐन प्रारम्भ हुनु अघि संचालन अनुमति लिएका २४ शैयासम्मका अस्पतालको नियमन मन्त्रालयले तोकेको निकायबाट हुनेछ ।"**

(ग) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

**"(६) डेन्टल सेवा, आँखा उपचार सेवा, डायलाइसिस सेवा, पुनर्स्थापना केन्द्र, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा, रेडियो इमेजिङ सेवा, फिजियोथारापी र प्रयोगशाला लगायतका अन्य सेवाहरु सञ्चालन गर्न मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनुपर्नेछ ।"**

(घ) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-"

**(६क) उपदफा (६) मा उल्लेख भएका स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने मापदण्ड तोकिएबमोजिम हुनेछ ।"**

(६) दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"**(२) प्राविधिक समितिको गठन तोकिए बमोजिम हुनेछ।**"

२८. <u>**प्रदेश खेलकूद विकास ऐन, २०७६ मा संशोधनः-**</u> प्रदेश खेलकूद विकास ऐन, २०७६ कोः-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा "लुम्बिनी प्रदेशको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेको **"प्रदेश"** भन्ने शब्द झिकिएको छ ।

(४) दफा २ को :-

(क) खण्ड (ग) मा रहेका **"समेत सम्झनु पर्छ"** भन्ने शब्दहरुको सट्टा **"समेत जनाउँछ"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ ।

**"(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको खेलकूद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

(५) दफा ३ को उपदफा (२) को खण्ड (क) र (ख) मा रहेका **"सामाजिक विकास"** भन्ने शब्दहरु झिकिएका छन् ।

२९. **गाउँसभा/नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ मा संशोधनः-** गाउँसभा/नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को ;-

(१) प्रस्तावनामा रहेको **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुका सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ८१ पछि देहायको दफा ८१ क थपिएको छ :-

**"८१ क, सभाका सदस्यको स्थान वा पद रिक्त हुने अवस्थाः- देहायको कुनै अवस्थामा सभाका सदस्यको स्थान वा पद रिक्त हुनेछ,**

**(क) निजले प्रमुख वा अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,**

**(ख) निजको नेपालको संविधानको धारा २२२ को उपधारा (६) वा धारा २२३ को उपधारा (६) बमोजिमको योग्यता नभएमा वा नरहेमा,**

**(ग) गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त भएमा,**

**(घ) निजले सभालाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,**

(ङ) **निजको मृत्यु भएमा ।"**

३०. **प्रदेश नं. ५, सहकारी ऐन, २०७६ मा संशोधनः-** प्रदेश नं. ५, को सहकारी ऐन, २०७६ को,-

(१) लामो शीर्षकमा रहेको **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"प्रदेश"** भन्ने शब्द राखिएको छ।

३१. <u>**प्रदेश नं ५ बालबालिका सम्बन्धी ऐन, २०७६" मा संशोधनः-**</u> प्रदेश नं. ५ बालबालिका सम्बन्धी ऐन, २०७६, को,-

(१) लामो शीर्षकमा रहेको **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५, को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ बालबालिका सम्बन्धी ऐन, २०७६"** को सट्टा **"बाल अधिकार तथा संरक्षण ऐन, २०७६"** भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २ को खण्ड (न) झिकिएको छ ।

(५) दफा ४० को उपदफा २ को,-

(क) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) राखिएको छः

**"(क) मन्त्री, मन्त्रालय- अध्यक्ष"**

**"(ख) सचिव (मानव अधिकार हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य"**

**"(ग) सचिव, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(घ) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(ङ) सचिव, स्वास्थ्य, जनसंख्या सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(च) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**
**"(छ) सचिव, मन्त्रालय- सदस्य"**

(ख) खण्ड (ज) झिकिएको छ-

(६) दफा ४३ को उपदफा (२) को,-

(क) खण्ड (ङ) मा रहेका **"प्रमुख प्रशासकीय अधिकृत (जिल्ला सदरमुकाममा भएको स्थानीय तह)"** भन्ने शब्दहरुको सट्टा **"जिल्ला समन्वय अधिकारी"** भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ठ) मा रहेका **"जिल्ला समन्वय अधिकारी"** भन्ने शब्दहरुको सट्टा **"सम्बन्धित जिल्लाको बालबालिका सम्बन्धी विषय हेर्ने कार्यालयको प्रमुख"** भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ४९ को उपदफा (२) मा रहेका **"उपदफा (१) बमोजिम कानून व्यवसायीको व्यवस्था नहुँदा सम्म"** भन्ने शब्दहरुको सट्टा **"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि"** भन्ने शब्दहरु राखिएका छन् ।

**३२. <u>प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधनः-</u>** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १ को,-

(क) दफा शीर्षकमा रहेका **"बिस्तार"** भन्ने शब्द झिकिएको छ ।

(ख) उपदफा (२) झिकिएको छ ।

(३) दफा २ को,-

(३) खण्ड (झ) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ३ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ मा"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशमा"** भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ७ को उपदफा ६ को खण्ड (क) मा रहेका **"प्रदेश निजामती"** भन्ने शब्दहरु पछि **"सेवा र स्थानीय तहको"** भन्ने शब्दहरु राखिएका छन् ।

**३३. <u>प्रदेश नं. ५ औधोगिक व्यवसाय ऐन, २०७५ मा संशोधनः-</u>** प्रदेश नं. ५, औधोगिक व्यवसाय ऐन, २०७५ को,-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा १८ को उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) र (ट) को सट्टा देहाय बमोजिमका खण्डहरु (क), (ग), (घ), (ङ) र (ट) राखिएका छनः-

**"(क) मन्त्री, मन्त्रालय- अध्यक्ष"**

**"(ग) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(घ) सचिव, कृषि तथा भूमि व्यवस्था विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(ङ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(ट) सचिव, मन्त्रालय- सदस्य सचिव"**

(५) अनुसूची-६ को-,

(क) क्रम संख्या २. मा रहेका **"अनलाइन गेमिङ्ग"** भन्ने शब्दहरु पछि **"रोवोटिक थियटर"** भन्ने शब्दहरु थपिएका छन् ।

(ख) क्रम संख्या ३ मा रहेका **"बन्जी जम्पिङ्ग"** भन्ने शब्दहरु पछि **"जिप लाइन"** भन्ने शब्दहरु थपिएका छन् ।

३४. <u>प्रदेश नं. ५ को प्रदेश पदक ऐन, २०७६ मा संशोधनः-</u> प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ को,-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५, को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

**"(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

(५) दफा ४ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएको छः-

**"(क) मन्त्री, मन्त्रालय- अध्यक्ष"**

**"(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य"**

**"(ग) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय- सदस्य"**

**"(घ) सचिव, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय- सदस्य"**

**"(ङ) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुर्याएका प्रदेशभित्रका व्यक्तिहरु मध्ये प्रत्येक वर्ष समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद्ले तोकेका एक जना महिला सहित दुई जना- सदस्य"**

**"(च) सचिव, मन्त्रालय- सदस्य सचिव"**

**३५. प्राइभेट फर्म दर्ता ऐन, २०७६ मा संशोधनः-** प्राइभेट फर्म दर्ता ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ को उपदफा (२) मा रहेका **"एक बर्ष भित्र"** भन्ने शब्दहरुको सट्टा **"तीन बर्ष भित्र"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२) पछी देहायको उपदफा (३) थपिएको छ :-

**"(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नहुने प्राइभेट फर्म स्वतः खारेज हुनेछ र त्यस्तो फर्मले बुझाउनु पर्ने बाँकी रकम सरकारी बाँकी सरह त्यस्तो फर्मको फर्मधनीबाट असुल उपर गरिनेछ ।"**

**३६. साझेदारी ऐन, २०७६ मा संशोधनः-** साझेदारी ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १३ को उपदफा (११) मा रहेको **"एक बर्ष भित्र"** भन्ने शब्दहरुको सट्टा **"तीन बर्ष भित्र"** भन्ने शब्दहरु राखिएका छन् ।

३७. **अभिलेख संरक्षण ऐन, २०७६ मा संशोधनः-** अभिलेख संरक्षण ऐन २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

३८. **सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ मा संशोधनः-** सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को,-

(क) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छ,

**"(ढ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।"**

(ख) खण्ड (फ) को सट्टा देहायको खण्ड (फ) राखिएको छ ।

**"(फ) "यातायात निरीक्षक" भन्नाले दफा ९१ बमोजिमको यातायात निरीक्षक सम्झनु पर्छ "**

(ग) खण्ड (य) झिकिएको छ ।

(३) दफा ८९ को उपदफा (१) को खण्ड (क) र (झ) को सट्टा देहायको खण्ड (क) र (झ) राखिएको छ ।

**" (क) सचिव, मन्त्रालय- अध्यक्ष**

**(झ) महाशाखा प्रमुख, मन्त्रालय- सदस्य- सचिव "**

३९. <u>**सूचना तथा सञ्चार प्रविधी प्रतिष्ठान ऐन, २०७६ मा संशोधनः-**</u> सूचना तथा सञ्चार प्रविधी प्रतिष्ठान ऐन, २०७६ को,-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५, को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

**"(ग) प्रदेश सरकारका सचिव - सदस्य"**

(ख) खण्ड (ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) झिकिएको छ ।

(२) उपदफा (१) पछि देहायको स्पष्टिकरण राखिएको छ।
"स्पष्टिकरणः यस उपदफाको प्रयोजनको लागि "प्रदेश सरकारका सचिव" भन्नाले प्रदेश सरकारका प्रमुख सचिव समेतलाई सम्झनु पर्छ ।"

(४) दफा ९ र १० झिकिएको छ ।

(५) दफा १२ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ ।

**"(ङ) प्रदेश सरकारको सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,"**

(६) दफा १५ को उपदफा (२) मा रहेको **"परिषद तथा कार्यकारी समितीका पदाधिकारी"** भन्ने शब्दहरुको सट्टा **"परिषदका पदाधिकारी"** भन्ने शब्दहरु राखिएको छ ।

४०. **प्रदेश सुशासन ऐन, २०७६ मा संशोधनः-** प्रदेश सुशासन ऐन, २०७६को,-

प्रस्तावनामा रहेका **"प्रदेश नं. ५को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

४१. **स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा संशोधनः-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को,-

(१) लामो शीर्षकमा रहेका **"२०७६"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा (९) को उपदफा (१) मा देहायको प्रतिवन्धनात्मक वाक्याशं थपिएको छ ।

"तर जिल्ला सभा वा जिल्ला समन्वय समितिको कामको सिलसिलामा जिल्ला भित्र भ्रमण गर्ने जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले प्रचलित कानून बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने भए यस दफा बमोजिम तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता दिन बाधा पर्ने छैन ।"

४२. **लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ मा संशोधनः-** लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ को-

(१) लामो शीर्षकमा रहेका, **"२०७६"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २ को खण्ड (च) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

४३. **वातावरण संरक्षण ऐन, २०७७ मा संशोधनः-** वातावरण संरक्षण ऐन, २०७७ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (थ) मा रहेको **"उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय"** भन्ने शब्दहरु राखिएको छ ।

(३) दफा २२ को उपदफा (२) को,- (क) खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) को सट्टा देहायका खण्डहरु (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) राखिएका छनः-

**"(ख) मन्त्री, मन्त्रालय- उपाध्यक्ष"**

**"(ग) मन्त्री, प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालय- सदस्य"**

**"(घ) मन्त्री, प्रदेश सरकारको उद्योग हेर्ने मन्त्रालय- सदस्य"**

**"(ङ) मन्त्री, प्रदेश सरकारको कृषि तथा भूमी व्यवस्था हेर्ने मन्त्रालय- सदस्य"**

**"(च) मन्त्री, प्रदेश सरकारको भौतिक पूर्वाधार विकास हेर्ने मन्त्रालय- सदस्य"**

**"(छ) मन्त्री, प्रदेश सरकारको जलस्रोत तथा सिँचाई हेर्ने मन्त्रालय- सदस्य"**

**"(ज) मन्त्री, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय- सदस्य"**

**"(झ) प्रदेश सभाको वातावरण विषय हेर्ने समितिको सभापति- सदस्य"**

४४. **प्रदेश सडक ऐन, २०७७ मा संशोधनः-** प्रदेश सडक ऐन, २०७७ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (झ) मा रेहका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"प्रदेश"** भन्ने शब्द राखिएको छ ।

४५. **बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७ मा संशोधनः-** बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ९ को उपदफा (२) को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

**"(ख) प्रदेश सरकारका सचिवहरु - सदस्य"**

(ख) खण्ड (ग), (घ), (ङ), (च) र (छ) झिकिएका छन् ।

(ग) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ ।

**"(ञ) सचिव, मन्त्रालय- सदस्य सचिव"**

(३) दफा १२ को उपदफा (१) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ;

**"(क) सचिव, मन्त्रालय- संयोजक"**

(ख) खण्ड (ङ) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

प्रमाणीकरण मितिः २०७८/०९/०१ गते ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**